# कार्यपालिका बोर्ड बैठक

आज मिति २०७८/०९/२५ गतेका दिन वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका का अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको अध्यक्षता मा निम्नानुसार गाउँ कार्यपालिका पदाधिकारीहरु को उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरी निम्नानुसार निर्णय गरीयो ।

## उपस्थितिः

| दस्तखत | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| (signature) | श्री फेन्चोक छेसेन गुरुङ | अध्यक्ष, कार्यपालिका | |
| (signature) | श्री दिकी गुरुङ | उपाध्यक्ष, कार्यपालिका | |
| (signature) | श्री जनार्दन आचार्य | नि.प्र.प्र.अ. | |
| | श्री विर बहादुर गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री छिन नाम्ग्याल गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री नविन कुमार गुरुङ | सदस्य, कार्यपालिका | |
| (signature) | श्री तेन्जिन नाम्गेल गुरुङ | सदस्य, कार्यपालिका | |
| (signature) | श्री राप्के गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री साङमो छिरिङ गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री लक्ष्मी कुमारी गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री देवी गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री फूलकुमारी विश्वकर्मा | सदस्य, कार्यपालिका | |
| | श्री फूलमाया वि क | सदस्य, कार्यपालिका | |
| (signature) | श्री छिरिङ आङगेल गुरुङ | सदस्य, कार्यपालिका | |
| (signature) | श्री धर्पु गुरुङ | | कार्यवाहक वडा नं. ३ |
| सीता | श्री सिता वि. क. | | कार्यवाहक वडा नं. १ |

## प्रस्तावहरुः

१-अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२-स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) को प्रारम्भिक नतिजालाई पृष्ठपोषणको लागि जिल्ला समन्वय समिती, मुस्ताङमा पठाउने सम्बन्धमा।

## निर्णयहरुः

१-यस अघि बसेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो।

२-यस गाउँपालिका बाट आर्थिक वर्ष २०७७।७८ मा सम्पादन गरिएका विभिन्न कार्य सम्बन्धी स्थानीय तह स्व-मुल्याङ्कन विषयक्षेत्रका सुचकहरुका आवश्यक कागजातहरु सहित गरिएको स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) को प्रारम्भिक नतिजालाई पृष्ठपोषणको लागि जिल्ला समन्वय समिती, मुस्ताङमा पठाउने गर्ने निर्णय गरियो।

CamScanner

# कार्यपालिका बोर्ड बैठक

आज मिति २०७८/०९/२८ गतेका दिन बारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका का अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको अध्यक्षता मा निम्नानुसार गाउँ कार्यपालिका पदाधिकारीहरु को उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरी निम्नानुसार निर्णय गरीयो ।

**उपस्थिति:**

| दस्तखत | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| | श्री फेन्चोक छेसेन गुरुङ | अध्यक्ष, कार्यपालिका | |
| | श्री दिकी गुरुङ | उपाध्यक्ष, कार्यपालिका | |
| | श्री जनार्दन आचार्य | नि.प्र.प्र.अ. | |
| | श्री विर बहादुर गुरुङ | सदस्य, कार्यपालिका | |
| छिरिङ. | श्री छिन नाम्ग्याल गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री नविन कुमार गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री तेन्जिन नाम्गेल गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री राप्के गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री साङमो छिरिङ गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री लक्ष्मी कुमारी गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री देवी गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री फूलकुमारी विश्वकर्मा | सदस्य, कार्यपालिका | |
| | श्री फूलमाया वि क | सदस्य, कार्यपालिका | |
| | श्री छिरिङ आङगेल गुरुङ | सदस्य, कार्यपालिका | |
| धर्पु | श्री धर्पु गुरुङ | | कार्यवाहक वडा नं. ३ |
| सीता | श्री सिता वि. क. | | कार्यवाहक वडा नं. १ |
| अन्य उपस्थिती | | | |
| | | | |
| | | | |

**प्रस्तावहरु:**

१-अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।

२-स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) को अन्तिम परिणाम सार्वजनिकीकरण र अपलोडको लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

३-आयमुलक कार्यको लागि स्वरोजगार कार्यक्रम संचालन कार्यविधी र महिला स-सत्तिकरण कार्यक्रम संचालन कार्यविधि २०७८ अनुमोदन सम्वन्धमा।

४-अवलोकन भ्रमणको खर्च अनुमोदन सम्वन्धमा ।

५-राष्ट्रीय योजना आयोगमा विशेष अनुदान माग गर्ने सम्बन्धमा ।

६-छुग्याड भ्याका च्याङ्ग्रा पालन समूहसंग सम्झौता सम्वन्धमा।

७-गाउँ कार्यपालिका कार्यालयको लागि फर्निचर व्यवस्था सम्वन्धमा।

सीता

छिरिङ.

<u>निर्णयहरु:</u>

१-यस अघि बसेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो।

२-यस गाउँपालिका बाट आर्थिक वर्ष २०७७।७८ मा सम्पादन गरिएका विभिन्न कार्य सम्वन्धी स्थानीय तह स्व-मुल्याङ्कन विषयक्षेत्रका सुचकका आधारहरुका आवश्यक कागजातहरु सहित गरिएको स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) को जिल्ला समन्वय समिती, मुस्ताङ बाट पृष्ठपोषण सहितको प्राप्त अन्तिम नतिजालाई प्रमाणित गरी सार्वजनिकीकरण र अपलोड गर्नको लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

३-"आयमुलक कार्यको लागि स्व-रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८" र "महिला स-सक्तिकरण कार्यक्रम संचालन कार्यविधि २०७८" स्वीकृत गर्ने निर्णय गरियो।

४-यस गाउँपालिकाको यस आ.व. २०७८/७९ मा स्वीकृत अध्ययन अवलोकन भ्रमणको शिलसिलामा ईलाम क्षेत्र सम्मलाई गन्तव्य बनाई गाउँसभाका सदस्यहरु तथा गाउँकार्यपालिका कार्यालय र वियगत शाखाका कर्मचारीहरु सहित मिति२०७८/०९/१३ गते देखि मिति २०७८/०९/२४ गते सम्म भएको भ्रमणको खर्च रकम तथा प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो।

५-यस गाउँपालिका वडा नं १ स्थित मुक्तिनाथ मन्दिरको कम्पाउण्डवाल र वडा नं ४ स्थित घ्याकाथाङ्गाको सामुदायिक स्याउ विकास फर्ममा सिंचाईको कार्यक्रमको लागि आ.व. २०७९/८० को लागि राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान माग गर्ने निर्णय गरियो।

६- आ.व. २०७८/७९ मा छुसाङ भ्राका च्याङ्ग्रा पालन कार्यक्रमको लागि राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत भई विशेष अनुदान प्राप्त भएकोले सो छुसाङ भ्राका च्याङ्ग्रा पालन समूहसंग सम्झौता गरी कार्य संचालन गर्ने निर्णय गरियो।

७- गाउँकार्यपालिका कार्यालयको नयाँ बनेको प्रशासकीय भवनको फर्निचर व्यवस्थापनको लागि प्राविधिक लागत तयार गर्न लगाई तुरुन्त खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो।